Date |
Page |

आज मिति: २०८१।०६।१० गतेका दिन विहान १०:३० बजे बाह्रविसे नगरपालिकाको नगर प्रमुख श्री बालकृष्ण बस्नेतज्यूको अध्यक्षतामा नगरपालिका कार्यपालिकाको ८० औं कार्यपालिकाको बैठक देहायको कार्यापालिकाका सदस्यहरुको उपस्थितिमा बसी निम्नानुसारका प्रस्तावहरु माथि छलफल गरि निर्णयहरु गरियो ।

तपसिल उपस्थित:-

| क्र.स. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | बालकृष्ण बस्नेत | नगर प्रमुख | |
| २ | मन्जु तामाङ | उपप्रमुख | |
| ३ | आङदोर्जे शेर्पा | वडा नं.१ वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ४ | रेशम बहादुर तामाङ | वडा नं.२ वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ५ | जिवन कुमार भण्डारी | वडा नं.३ वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ६ | सेखर वहादुर भण्डारी | वडा नं.४ वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ७ | श्याम वहादुर तामाङ | वडा नं.५ वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ८ | कुल वहादुर श्रेष्ठ | वडा नं.६ वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ९ | ङिमा शेर्पा | वडा नं.७ वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| १० | बिमल प्रसाद पौड्याल | वडा नं.८ वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ११ | कृष्ण वहादुर राय | वडा नं.९ वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| १२ | दापासाङ शेर्पा | बा.न.पा.वडा नं.२/कार्यपालिका सदस्य | |
| १३ | लेख कुमारी रोक्का | बा. न.पा. वडा नं.३/कार्यपालिका सदस्य | |
| १४ | सन्तमाया श्रेष्ठ | बा.न.पा. वडा नं.४/कार्यपालिका सदस्य | |
| १५ | गेदकुमारी कार्की | बा.न.पा. वडा नं.५/कार्यपालिका सदस्य | |
| १६ | ङिमादोर्जे शेर्पा | बा.न.पा. वडा नं.६/कार्यपालिका सदस्य | |
| १७ | निमा शेर्पा | बा.न.पा. वडा नं.७/कार्यपालिका सदस्य | |
| १८ | राजकुमारी तामाङ | बा.न.पा.वडा नं.८/कार्यपालिका सदस्य | |
| १९ | पदममाया तिमल्सीना | बा.न.पा.वडा नं.९/कार्यपालिका सदस्य | |
| २० | ईश्वरी प्रसाद शर्मा | प्रमुख प्रशासकीय अधिकृत/सदस्य सचिव | |

प्रस्तावहरु:-

१.नियुक्ती अनुमोदन सम्वन्धमा ।

निर्णय

१.प्र.नं.१ माथि छलफल गर्दा स्थानीय तहको गठन तथा सञ्चालन सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ को दफा(१७) बमोजिम प्रदेश लोकसेवा आयोग बागमती प्रदेशको च.नं.४२, मिति २०८१।०६।०९ को सिफारिस पत्र अनुसार आयोगको विज्ञापन नं.४८/२०८०-०८१(खुल्ला), स्थानीय तह तर्फ अधिकृतस्तर सातौं तह(अप्राविधिक) प्रशासन सेवा लेखा समुह अधिकृत सातौं सरहको पदमा सिफारिस भै आउनु भएको हेटौंडा उपमहानगरपालिका वडा नं.३, निवासी श्री पुजन न्यौपाने (क.सं.नं.२३६०५२) लाई ऐ.ऐ.ऐनको दफा (२३) को उपदफा (३) बमोजिमको परिक्षण काल तथा दफा (१४४) बमोजिमको सेवा अवधि जोडिने गरि अधिकृतस्तर सातौं तह(अप्राविधिक) प्रशासन सेवा लेखा समुह अधिकृत सातौं सरहको पदमा मिति: २०८१।०६।१० गते देखि जेष्ठता कायम हुने गरि सोहि ऐनको दफा (१७) को उपदफा (१) बमोजिम स्थायी नियुक्ति दिने निर्णय गरियो ।

आज मिति: २०८१।०६।०९ गतेका दिन विहान १०:३० बजे बाह्रविसे नगरपालिकाको नगर प्रमुख श्री बालकृष्ण बस्नेतज्यूको अध्यक्षतामा नगरपालिका कार्यपालिकाको ८१ औं कार्यपालिकाको बैठक देहायको कार्यापालिकाका सदस्यहरुको उपस्थितिमा बसी निम्नानुसारका प्रस्तावहरु माथि छलफल गरि निर्णयहरु गरियो ।

तपसिल उपस्थित:-

| क्र.स. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | बालकृष्ण बस्नेत | नगर प्रमुख | |
| २ | मन्जु तामाङ | उपप्रमुख | |
| ३ | आङदोर्जे शेर्पा | वडा नं.१ वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ४ | रेशम बहादुर तामाङ | वडा नं.२ वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ५ | जिवन कुमार भण्डारी | वडा नं.३ वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ६ | सेखर वहादुर भण्डारी | वडा नं.४ वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ७ | श्याम वहादुर तामाङ | वडा नं.५ वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ८ | कुल वहादुर श्रेष्ठ | वडा नं.६ वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ९ | डिमा शेर्पा | वडा नं.७ वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| १० | बिमल प्रसाद पौड्याल | वडा नं.८ वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ११ | कृष्ण वहादुर राय | वडा नं.९ वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| १२ | दापासाङ शेर्पा | बा.न.पा.वडा नं.२/कार्यपालिका सदस्य | |
| १३ | लेख कुमारी रोक्का | बा. न.पा. वडा नं.३/कार्यपालिका सदस्य | |
| १४ | सन्तमाया श्रेष्ठ | बा.न.पा. वडा नं.४/कार्यपालिका सदस्य | सन्तमाया |
| १५ | गेदकुमारी कार्की | बा.न.पा. वडा नं.५/कार्यपालिका सदस्य | |
| १६ | डिमादोर्जे शेर्पा | बा.न.पा. वडा नं.६/कार्यपालिका सदस्य | |
| १७ | निमा शेर्पा | बा.न.पा. वडा नं.७/कार्यपालिका सदस्य | |
| १८ | राजकुमारी तामाङ | बा.न.पा.वडा नं.८/कार्यपालिका सदस्य | |
| १९ | पदममाया तिमल्सीना | बा.न.पा.वडा नं.९/कार्यपालिका सदस्य | पदममाया |
| २० | ईश्वरी प्रसाद शर्मा | प्रमुख प्रशासकीय अधिकृत/सदस्य सचिव | |

Date |
Page |

**प्रस्तावहरु**

१.आ.व.०८१।०८२ को योजना कार्यान्वयन सम्वन्धमा ।
२.वडा नं.९ वडा कार्यालय भवन निर्माण गर्न जग्गा व्यवस्थापन सम्वन्धमा ।
३.विपद व्यवस्थापन खर्च अनुमोदन सम्वन्धमा ।
४.लाभग्राही कायम सम्वन्धमा ।
५.आर्थिक सहायता सम्वन्धमा ।
६.फुटकर योजना सम्वन्धमा ।
७.मौषमजन्य प्राकृतिक विपदमा मृत्यु र वेपत्ता भएका परिवार सहयोग सम्वन्धमा ।
८.विविध ।

**निर्णयहरु.**

१.प्र.नं.१,माथि छलफल गर्दा बाह्रविसे नगरपालिकाको आ.व.२०८१।०८२ को स्वीकृत बजेट योजना तथा कार्यक्रम तहाँ वडाहरुमा पठाई सकेको छ । तसर्थ सो योजना तथा कार्यक्रम कार्यान्वयनको लागि निर्वाचित पदाधिकारीको रोहवरमा वडाहरुमा उपभोक्ता समिति गठन गरि सो को जानकारी नगरपालिकामा पठाई दिनुहुन र गठित उपभोक्ता समितिका पदाधिकारीहरुलाई नगरपालिकाबाट सम्वन्धित वडाहरुमा अभिमुखिकरण गरि सकेपछि योजना कार्यान्वयनको लागि नगरपालिकामा सम्झौता गर्न पठाईने व्यवस्था मिलाउनको लागि वडाहरुमा पत्रचार गरि २०८१।०८।१५ भित्रमा समिति गठन गराई सकाउने निर्णय गरियो ।

२.प्र.नं.२, माथि छलफल गर्दा बाह्रविसे नगरपालिका वडा नं.९,वडा कार्यालय भवन निर्माणको लागि आवश्य पर्ने जग्गा व्यवस्थापन गर्नको लागि आन्तरिक तर्फको विविधबाट भुक्तानी हुने गरि रु.१५००००।- (अक्षरुपी एकलाख पच्चासहजार रुपैयाँ मात्र) व्यवस्थापन भएकोमा, सोहि वडा वस्ने विलकुमारी भण्डारी(थापा) को नाममा रहेको कि.नं.२७१, क्षेत्रफल ०-१२-२-१ का जग्गा मध्ये ०-८-०-० वडा कार्यालयको नाममा दिन मन्जुर रही मन्जुरीनामाको कागज समेत प्राप्त रहेकोले सो जग्गा वडा कार्यालयको भवन निर्माण गर्न अति आवश्यक रहेकोले जग्गा खरिद गर्नको लागि वडा कार्यालयको नाममा नियमानुसार राजश्व छुट गराई जगगा विद्यालयको नाममा गराउनको लागि जिल्ला मालपोत कार्यालय र नापी कार्यालय चौतारा,सिन्धुपाल्चोकमा अनुरोध गर्ने निर्णय गरियो ।

३.प्र.नं.३ माथि छलफल गर्दा यस चालु आ.व.०८१।०८२ मा नगरपालिका क्षेत्र भित्र मौषमजन्य विपदबाट भएका क्षति न्यूनिकरण तथा व्यवस्थापनमा भएको खर्चहरु नगरपालिकाको वन वातावरण तथा विपद समितिबाट निर्णय भै आएका खर्चहरु अनुमोदन गर्ने निर्णय गरियो ।

४.प्र.नं.४, माथि छलफल गर्दा बाह्रविसे नगरपालिका वडा नं.७,घुम्थाङमा मितिः-२०८१।०१।०९ गतेका दिन बेलुकी टेकन बहादुर नेवारको नाती बगतमान नेवारको छोरा कृष्ण वहादुर नेवारको घरमा ग्याँस लिग भई सिलिन्डर पड्कीएर घर पूर्णरुपमा क्षति भएको हुँदा निंज आवास पुननिर्माणको लागि लाभग्राही कायम गराउनको लागि जिल्ला विपद व्यवस्थापन कार्यालय चौतारामा पठाउने निर्णय गरियो ।

५.प्र.नं.५, माथि छलफल गर्दा बाह्रविसे नगरपालिकाका तपशिलमा उल्लेखित स्थानीय व्यक्तिहरु विभिन्न रोग लागि उपचाररत रहेको र आर्थिक अवस्था कम्जोर रहेकोले आर्थिक सहयोग माग भै आएको हुँदा देहाय वमोजिमको रकम उपलव्ध गराउने निर्णय गरियो ।

तपशिल:-

१.विनिसा सेवा बाह्रविसे-६, रु.२५०००।-(अक्षरुपी पच्चीस हजार रुपैयाँ मात्र)
२.फुडोमा तामाङ बाह्रविसे-६ रु.५००००।-(अक्षरुपी पच्चास हजार रुपैयाँ मात्र)
३.तुलसा तिमल्सना बाह्रविसे-९ रु.३००००।-(अक्षरुपी तीस हजार रुपैयाँ मात्र)
४.प्रकाश तामाङ बाह्रविसे-८ रु.२५०००।- (अक्षरुपी पच्चीस हजार रुपैयाँ मात्र)
५.मोहन श्रेष्ठ बाह्रविसे-४ रु.५००००।- ( अक्षरुपी पच्चास हजार रुपैयाँ मात्र)
६.कान्छा तामाङ बाह्रविसे-३ रु. ३००००।-( अक्षरुपी तीस हजार रुपैयाँ मात्र)
७.पार्वती तामाङ बाह्रविसे-३ रु.१०००००।-(अक्षरुपी एक लाख रुपैयाँ मात्र)
८.बुद्धराज तामाङ बाह्रविसे-२ रु.३००००।-(अक्षरुपी तीस हजार रुपैयाँ मात्र)
९.रामचन्द्र थापा बाह्रविसे-७, रु. ५००००।-(अक्षरुपी पच्चास हजार रुपैयाँ मात्र)
१०.फुलमाया तामाङनी बानपा-४ रु.३५०००।-(पैतीस हजार मात्र)
११.सुवास तामाङ बाह्रविसे-५ रु.२५०००।-(अक्षरुपी पच्चीस हजार रुपैयाँ मात्र)
१२.आहेरा वान्तावा रु.२५०००।-(अक्षरुपी पच्चीस हजार रुपैयाँ मात्र)
१३.रेखा वस्नेत बाह्रविसे-३ रु.२००००।-(वीस हजार मात्र)
१४.गायत्री कटेल सुवेदी बाह्रविसे-९ रु.२००००।-( वीस हजार मात्र)
१५.शान्ता वस्नेत बाह्रविसे-३ रु.३००००।- (तीस हजार मात्र)
१६.तिलकुमारी वस्नेत बाह्रविसे-३ रु.३००००।-(तीस हजार मात्र)
१७.छिरिङ तामाङ बाह्रविसे-८ रु.५००००।-(पच्चास हजार मात्र)
१८.बालकुमारी रोक्का बानपा-३ रु.२००००।- (वीस हजार मात्र)

१९. भक्त वहादुर कामी बाह्रविसे-१ रु.३५०००।-(अक्षरुपी पैंतीस हजार रुपैयाँ मात्र)

६.प्र.नं.६ माथि छलफल गर्दा बाह्रविसे नगरपालिकाका विभिन्न वडाहरुबाट नगर प्रमुख समक्ष माग भै आएका तपशिल वमोजिमका योजना तथा कार्यक्रमहरुको लागि आ.व.०८१।०८२ मा प्रकाशित नगरपालिकाको रेड वुकमा भएको नगरपालिकास्तरीय फुटकर आयोजनाहरुमा रहेको रकमबाट खर्च गरिने गरि योजना तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल:-
१.मान्द्रा चिया बगान पूर्वाधार निर्माण बाह्रविसे-६ रु.१५०००००।- (पन्ध्र लाख मात्र)
२.वडास्तरीय सडक मर्मत तथा ग्राभेल बाह्रविसे-७ रु.५०००००।-(पाँच लाख मात्र)
३.जम्वु अमलडाँडा सडक ट्रस पुल बाह्रविसे-७ रु.५०००००।-(पाँच लाख मात्र)
४.वडा नं.८, भैसिमारा काभ्रेखोला हर्रेरे सिँढीबाटो रु.५०००००।-(पाँच लाख मात्र)

५.कृषि टेलिभिजन रु.२०००००।-(दुई लाख मात्र)

६.फाँट सच्चाई केन्द्र बानपा-९, कार्यक्रम व्यवस्थापन रु.१०००००।-( एक लाख मात्र)

७.बाह्रविसे नगरपालिका खुर्सानीबारी फलामे पार्किङ निर्माण रु.१००००००।-(दश लाख मात्र)

८.एक्लेवेंसी डुडे सिँचाई कूलो बानपा-८ रु.५०००००।-(पाँच लाख मात्र)

९.धापगैरा सुनकोशी नदी कटान नियन्त्रण संरक्षण बा.न.पा.-४ रु.१५०००००।-

१०.स्तुपा प्रवेशद्धार (गेट निर्माण) बाह्रविसे-४, रु.५०००००।-(पाँच लाख मात्र)

११.डाँडागाउँ वस्नेतटोल घर तथा बाटो संरक्षण बानपा-३ रु.२५००००।-

७.प्र.नं.७,माथि छलफल गर्दा मौषमजन्य प्राकृतिक विपदमा परि मितिः-२०८१।०६।११ र १२ गतेको अविरल वर्षातबाट वाढी तथा पहिरोमा परि मृत्यु भएका मृतक र वेपत्ता भएकाहरुका परिवारलाई राहत स्वरुप आर्थिक सहायता गर्नका लागि नगरपालिकाको विपद व्यवस्थापन तर्फ विनियोजित रकमबाट रु.३००००००।- अक्षरुपी तीस लाख मात्र खर्च लेख्ने गरि नगर प्रमुखबाट गरिएको प्रस्ताव सर्वसहमतीले स्वीकृत गरि उक्त रकम नगर प्रमुखको आदेशानुसार खर्च लेख्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

८.प्र.नं.८, विविध माथि छलफल गर्दा क) नगरपालिका भित्र रहेका विद्यालयहरुमा तेकान्दो प्रशिक्षक र स्काउट प्रशिक्षकको लागि बजेट व्यवस्थापन भै सकेकोले नियमानुसार उक्त पदहरुमा पदपूर्तिको लागि प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

ख) बाह्रविसे नगरपालिका नगरकार्यपालिकाको मितिः २०८१।०२।०२ को ७७ औं वैठक निर्णय नं.२(ज) को निर्णय अनुसार लेखा शाखामा कार्यरत लेखापाल, स.लेखापाल, का.स.को पनि सोहि बोमिज निर्णय समर्थ सदर हुने निर्णय गरियो ।

ग) संघीय शिक्षण सहयोग अनुदान वितरण सम्वन्धि छलफल गर्दा माध्यामिक तह/आधारभूत तह कक्षा (१-८)अन्तर्गत निम्न विद्यालयहरुलाई देहाय वमोजिमको विषयहरुका शिक्षकहरु अनुदाको लागि दरखास्त आवह्न गर्ने निर्णय गरियो ।

| क्र.स. | माध्यामिक तह | विषय | ठेगाना |
|---|---|---|---|
| १ | श्री नेपाल राष्ट्रिय माध्यामिक विद्यालय | विज्ञान | बाह्रविसे-२ |
| २ | श्री कालिदेवी माध्यामिक विद्यालय | गणित | बाह्रविसे-६ |
| ३ | श्री सरस्वती शंकर माध्यामिक विद्यालय | विज्ञान | बाह्रविसे-७ |
| ४ | श्री बालकल्याण आ.वि. | विज्ञान | बाह्रविसे-७ |

घ) बानपा-२, वडा कार्यालयको नाममा रहेको बा २ ब ७७३३ नं.को मोटरसाइकल मर्मत सम्भार गर्दाको संलग्न विल अनुसारको रकम रु.४०८००।- भुक्तानी दिने निर्णय गरियो ।

अध्यक्ष

ङ) नेपाल भरका स्थानीय निकायहरुलाई आकसिक हुने घटनाहरु तथा मौषमजन्य विपदबाट हुने घटनाहरुमा आर्थिक सहयोग गर्ने सम्वन्धको कार्य विधिमा स्थानीय विपद व्यवस्थापन सम्वन्धमा वनेको कार्यविधि २०७५ संशोधन गर्दा सो मा समावेद गरिने निर्णय गरियो ।

च) "घ" वर्ग निर्माण व्यवसायी ईजाजत पत्र सम्वन्धिी कार्यविधि, २०७७ अनुसार मापदण्ड पुगेको बाह्रविसे नगरपालिका-६,स्थित श्री वेभ ट्रेड लिंक प्रा.लि.लाई "घ" वर्ग निर्माण व्यवसायी ईजाजत पत्र दिने निर्णय गरियो ।

छ) बाह्रविसे नगरपालिकामा चालु आ.व.०८१।०८२ मा संघीय सरकार र प्रदेश सरकारबाट हस्तान्तरण भई नगरपालिका भित्र कार्य हुने सवै योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्वन्धित कार्यालयहरुमा नगरपालिकाको सिफारिसबाट मात्र गराउन परिपत्र गर्ने निर्णय गरियो ।

अध्यक्ष

प्रस्ताव नं. ६ को निर्णय अनुसार
देश व्यापी रुपमा बाढी पहिरो पीडितलाई
रकम वितरण गर्ने सम्बन्धमा बा.न.पा.को
विपद व्यवस्थापन कार्यविधि, २०७५ मा
कुनै स्पष्ट उल्लेख नभएको हुँदा मेरो
असहमति सहित निर्णय स्थापित गर्दछु/

ईश्वरी प्र. शर्मा
(जु.प्र.सं.)